01 December 2024

**यो आकाशवाणी हो**

**मुख्य समाचार**

- **भुवनेश्वर पुलिस सम्मेलनमा प्रधानमन्त्रीले सुरक्षा सम्बन्धी मुद्दाहरूमाथि गर्नुभयो छलफल**
- **२०३० सम्ममा भारत एड्समुक्त हुने स्वास्थ्यमन्त्रीको विश्वास**
- **तेलंगानामा भएको भिडन्तमा सात वामपन्थी उग्रवादी मारिए, अनि**
- **पीभी सिन्धु र लक्ष्य सेनले सैयद मोदी अन्तर्राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको उपाधि जिते**

**अब समाचार विस्तारमा**

**PM – भुवनेश्वर**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भुवनेश्वरमा आयोजित अखिल भारतीय पुलिस महानिर्देशक अनि पुलिस महानिरीक्षकहरूको सम्मेलनको अन्तिम दिनमा देशका विभिन्न राज्य र केन्द्रशासित प्रदेशसँग सम्बन्धित महत्त्वपूर्ण सुरक्षा सम्बन्धी मुद्दाहरूमाथि छलफल गर्नुभयो। मुख्यतय, साइबर अपराध, तटीय सुरक्षा र माओवादी विद्रोह विरुद्धको विषयमा छलफल भएको थियो ।

तीन दिवसीय सम्मेलनमा केन्द्रीय गृहमन्त्री श्री अमित शाह, केन्द्रीय गृह सचिव श्री गोविन्द मोहन, राष्ट्रिय सुरक्षा सल्लाहकार श्री अजित डोभालको पनि उपस्थिति थियो।

उच्च पुलिस अधिकारीहरू र विभिन्न सुरक्षा निकायका प्रमुखहरूसँग भएको सम्मेलन आर्टिफिसियल इन्टेलिजेन्स र ड्रोनजस्ता उदीयमान प्रविधिहरू, प्रतिआतंकवाद रणनीतिहरू लगायत विभिन्न राष्ट्रिय सुरक्षा सम्बन्धी मुद्दाहरूको सामना गर्न रणनीतिक मार्ग निर्धारण गर्न केन्द्रित थियो। प्रधानमन्त्री र अन्य प्रमुख व्यक्तित्वहरूले पुलिसले सामना गर्नुपरेका विभिन्न परिचालन र पूर्वाधार सम्बन्धी मुद्दाहरूमाथि पनि छलफल गर्नुभयो। सम्मेलनमा लागूऔषध लगायतका महत्वपूर्ण विषयमा पनि छलफल भएको थियो । सम्मेलनमा आगामी वर्षका लागि देशका विभिन्न सुरक्षा समस्यालाई सम्बोधन गर्ने मार्गचित्र तयार गरिएको छ ।

भुवनेश्वरको तीन दिने भ्रमण पूरा गरी प्रधानमन्त्री आज साँझ दिल्ली फर्किनुभयो।

**मध्य प्रदेश - नड्डा**

केन्द्रीय स्वास्थ्य मन्त्री श्री जगत प्रकाश नड्डाले एचआईभी एड्स संक्रमित व्यक्तिहरूप्रति संवेदनशील व्यवहार गर्न र संक्रमित व्यक्तिहरूको मानवअधिकारको रक्षा गर्न मानिसहरूलाई अपील गर्नुभएको छ। श्री नड्डा आज मध्य प्रदेशको इन्दोरमा विश्व एड्स दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। उहाँले भन्नुभयो, केन्द्र सरकारले एचआईभी संरक्षण ऐन 2017 मार्फत संक्रमित व्यक्तिहरूप्रति हुने कुनै पनि भेदभावलाई रोक्ने काम गरेको छ। श्री नड्डाले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारले परीक्षण र उपचारको नीति लागू गरेको बताउनु भयो। जसका कारण देशमा एड्सका कारण मृत्यु हुनेको संख्या ७९ प्रतिशतले घटेको र नयाँ सङ्क्रमण पनि ४४ प्रतिशतले घटेको बताउनु भयो ।

श्री नड्डाले भन्नुभयो, भारत यस रोगको लागि सस्तो र प्रभावकारी औषधि बनाउन सफल भएको छ। स्वास्थ्यमन्त्रीले सन् २०३० सम्ममा भारत यो रोगबाट मुक्त हुने विश्वास पनि व्यक्त गर्नुभयो।

**तेलंगाना-भिडन्त**

तेलंगानाको मुलुगु जिल्लामा आज बिहान पुलिससँगको भिडन्तमा सात वामपन्थी उग्रवादी मारिएका छन्। मारिएका लडाकुमा विजापुरका नेता भद्रु उर्फ पपन्ना र अन्य दुई सदस्य रहेका छन्। भिडन्त हुनुअघि यी आतङ्ककारीहरूले पुलिस मुखबिर बताएर दुईजना आदिवासीको हत्या गरेका थिए। पुलिसका अनुसार एन्टी नक्सल कमाण्डो युनिटले आज बिहान खोजी अभियानको क्रममा एटु रंगाराम क्षेत्रमा आतंकवादीहरूको गतिविधि देखेपछि गोलीबारी सुरु भएको थियो।

**उपराष्ट्रपति**

उपराष्ट्रपति श्री जगदीप धनखडले भारतीय इतिहासका पुस्तकमा देशका नायकहरूमाथि अन्याय भएको बताउनु भएको छ। स्वतन्त्रता सेनानी तथा समाज सुधारक राजा महेन्द्र प्रतापको १३८औँ जन्मजयन्तीका अवसरमा आज नयाँ दिल्लीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यसलाई देशको विवेकमा प्रहार भएको बताउनु भयो। श्री धनखडले भारतको स्वतन्त्रताको जग राजा महेन्द्र प्रताप सिंह जस्ता मानिसहरूको सर्वोच्च बलिदानमा आधारित रहेको बताउनुभयो। उहाँले राजा महेन्द्र प्रताप जन्मजात कूटनीतिज्ञ, देशभक्त, दूरदर्शी र राष्ट्रवादी हुनुहुन्थ्यो भन्नुभयो । श्री धनखडले इतिहासका पुस्तकमा केही राष्ट्रिय नायकलाई बेवास्ता गर्ने प्रवृत्तिप्रति चिन्ता प्रकट गर्नुभएको छ ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**केजरीवाल- चुनाउ र बलियान**

दिल्लीका पूर्व मुख्यमन्त्री एवम् आम आदमी पार्टीका संयोजक श्री अरविन्द केजरीवालले आगामी दिल्ली विधानसभा चुनाउमा कुनै पनि पार्टीसँग गठबन्धनको सम्भावनालाई अस्वीकार गर्नुभएको छ। श्री केजरीवालले पत्रकार सम्मेलनमा यस आशयको जानकारी दिनुभएको हो। यसअघि, आम आदमी पार्टीले आगामी विधानसभा चुनाउका लागि ११ जना उम्मेदवारको पहिलो सूची सार्वजनिक गरेको थियो । पत्रकार सम्मेलनमा श्री केजरीवालले राजधानीको सुरक्षा र शान्ति व्यवस्थाका बारेमा प्रश्न उठाउनु भयो।

अर्कोतिर, दिल्लीको राउज एभिन्यू अदालतले आम आदमी पार्टीका विधायक श्री नरेश बल्यानलाई जबरजस्ती फिरौतीको मुद्दा र गैंगस्टर कपिल साङ्वानसँगको कथित सम्बन्धको मुद्दामा दुई दिनको पुलिस हिरासतमा पठाएको छ।

**राजस्थान - धर्मान्तरण निषेध विधेयक**

राजस्थान मन्त्रीमण्डलले जबरजस्ती धर्म परिवर्तनलाई रोक्न धर्मान्तरण निषेध विधेयकको मस्यौदालाई अनुमोदन गरेको छ। यसका साथै राजस्थान गैरकानूनी **धर्मान्तरण निषेध विधेयक** 2024 आगामी विधानसभा सत्रमा पेश गरिनेछ। राज्यका संसदीय मामिला मन्त्री श्री जोगाराम पटेलले भन्नुभयो, विधेयक अनुसार कुनै पनि व्यक्तिले धर्म परिवर्तन गर्न ६० दिन अगावै जिल्ला मजिस्ट्रेटसमक्ष निवेदन दिनुपर्नेछ।

**नागालैंड राज्य दिवस**

पूर्वोत्तर राज्य नागाल्याण्डले आज राज्य दिवस पालन गऱ्यो। नागाल्याण्ड राज्य दिवसको अवसरमा राष्ट्रपति श्रीमती द्रौपदी मूर्मू, उपराष्ट्रपति श्री जगदीप धनखड अनि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले राज्यवासीलाई शुभकामना र बधाई दिनुभएको छ।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले वनस्पति र जीवजन्तुको समृद्ध सम्पदाले सम्पन्न सुन्दर नागाल्याण्डलाई वीरहरूको भूमि बताउनुभएको छ। उहाँले विकासका विभिन्न पक्षहरूमा नागाल्याण्डको प्रगतिको प्रशंसा गर्नुभयो र राज्यका जनताको शान्ति, समृद्ध र प्रगतिशील भविष्यको कामना गर्नुभएको छ।

उपराष्ट्रपति श्री जगदीप धनखडले नागाल्याण्डको अद्भुत प्राकृतिक वैभव, जीवन्त संस्कृति र प्रकृतिसँगको गहिरो सद्भाव साँच्चै मनमोहक रहेको बताउनु भएको छ। उहाँले प्रकृतिसँगको बलियो सम्बन्ध र अनुकूलनको भावनाले नागाल्याण्ड भारतको सांस्कृतिक र प्राकृतिक वैभवको रूपमा फस्टाउँदै गएको बताउनु भएको छ। उपराष्ट्रपतिले जीवनका हरेक क्षेत्रमा राज्यको विकास र समृद्धिको कामना गर्नुभएको छ ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नागाल्याण्ड यसको समृद्ध संस्कृति र राज्यका जनताको अद्भुत प्रकृतिप्रेमका लागि परिचित रहेको बताउनुभएको छ। उहाँले नागा संस्कृति आफ्नो कर्तव्य र करुणाका लागि परिचित रहेको बताउँदै राज्यको निरन्तर प्रगतिको कामना गर्नुभएको छ।

**बीएसएफ - अमित शाह**

गृहमन्त्री श्री अमित शाहले सीमा सुरक्षा बल-बीएसएफका जवान र उनीहरूका परिवारलाई बलको स्थापना दिवसको अवसरमा शुभकामना दिनुभएको छ। उहाँले भन्नुभएको छ, बीएसएफ जवानहरूले पूर्ण दृढताका साथ देशको सम्मान र महत्वाकांक्षाको रक्षा गरेका छन्।

श्री शाहले भन्नुभएको छ,  उनीहरूको वीरता र बलिदान प्रेरणाको अमर स्रोत हो, जसले भारतको सधैं समृद्धि सुनिश्चित गर्नका लागि देशभक्तहरूलाई प्रेरित गरेको छ। गृहमन्त्रीले कर्तव्य पथमा सर्वोच्च बलिदान दिने वीर जवानहरूप्रति श्रद्धाञ्जली पनि अर्पण गर्नुभएको छ।

**ब्याडमिन्टन**

भारतकी शीर्ष वरीयता प्राप्त खेलाडी पीभी सिन्धु र लक्ष्य सेनले लखनउमा भइरहेको सैयद मोदी अन्तर्राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितामा महिला र पुरुष सिंगल्सको उपाधि जितेका छन् । फाइनलमा सिन्धुले लगातार सेटमा चीनकी **वु लुओ यु**लाई पराजित गरेर उपाधि जितेकी हुन् । पुरुष सिङ्गल्सको फाइनलमा भारतका लक्ष्य सेनले सिंगापुरका **जिया हेङ जेसन तेह**लाई पराजित गरेर उपाधि जिते ।

महिला डबल्सको उपाधि पनि भारतकी त्रिशा जोली र गायत्री गोपीचन्दको जोडीले जितेको छ। फाइनलमा त्रिसा र गायत्रीको जोडीले चिनियाँ जोडी **बाओ ली जिङ** र **ली छियान**लाई हराएर उपाधि आफ्नो बनायो ।

पुरुष डबल्समा पृथ्वी कृष्णमूर्ति रोय र साई प्रतीकको भारतीय जोडी फाइनलमा पराजित भयो भने मिक्स डबल्समा तनिसा क्रास्ट्रो र ध्रुव कपिलको जोडी पनि फाइनलमा पराजित भयो।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **भुवनेश्वर पुलिस सम्मेलनमा प्रधानमन्त्रीले सुरक्षा सम्बन्धी मुद्दाहरूमाथि गर्नुभयो छलफल**
- **२०३० सम्ममा भारत एड्समुक्त हुने स्वास्थ्यमन्त्रीको विश्वास**
- **तेलंगानामा भएको भिडन्तमा सात वामपन्थी उग्रवादी मारिए, अनि**
- **पीभी सिन्धु र लक्ष्य सेनले सैयद मोदी अन्तर्राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको उपाधि जिते**